## कार्यपालिका बैठक सख्या- १

मितिः- २०८०।०४।२८

**प्रस्तावहरु**

१. आन्तरिक लेखा परिक्षण गराउने सम्बन्धमा।
२. गलतकट्टा गर्ने सम्बन्धमा।
३. पोखरी ठेक्का सम्बन्धमा।
४. गाउँपालिका स्तरीय दररेट सम्बन्धमा।
५. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।
६. नियुक्ति दिने सम्बन्धमा।
७. योजना माग सम्बन्धमा।
८. आर्थिक सहयोग सम्बन्धमा

**निर्णय नं. १-** यस गाउँपालिकाको आर्थिक कारोबारको आन्तरिक लेखा परिक्षण त्रैमासिक रुपमा गर्नु पर्ने व्यवस्था भए बमोजिम गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखामा कर्मचारी रिक्त रहेकाले आन्तरिक लेखा परिक्षण हुन नसकेकाले आ.व.२०७९।८० को सम्पुर्ण कारोबारको एकमुष्ठ आन्तरिक लेखा परिक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय,तौलिहवा, कपिलवस्तुमा सहजिकरणका लागि अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं.२-** यस विजयनगर गाउँपालिकाको नाममा रहेको लु १ ब १३०८ नम्बरको कालो रङ्को होन्डा साइन १६० सि.सि. मोटर साईकल यस विजयनगर गाउँपालिकाका शिक्षा अधिकृत हरिहर वेल्वासेका नाममा जिन्सी अभिलेख रहेको र उक्त मोटरसाइकल मिति २०७९।१२।१५ गतेका दिन हरिहर वेल्वासेको आफ्नै निवास बाट हराएको र हाल सम्म पनि फेला नपरेको हुँदा प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी उक्त मोटरसाइकलको लगतकट्ट गर्ने र भविष्यमा उक्त मोटरसाईकल फेला परेमा नियमानुसार अभिलेख राख्ने निर्णय गरियो।

**निर्णय नं.३-** यस विजयनगर गाउँपालिका र श्री अब्दुल मोविन मुसलमान बिच ठेक्का नं. 5/SQ/Revenu/BRM/078-079 मयनारी पोखरीको मिति २०७८।०५।३१ मा माछा पालनका लागि पोखरी प्रयोग गर्न ठेक्क सम्झौता भएकमा आ.व.०७९।८० र आ.व.०८०।०८१ मा प्रदेश सरकारबाट पोखरी मर्मत तथा सौन्दर्यकरणको योजना परेकाले उक्त आय ठेक्काको दोस्रो किस्ता सम्मको रु.२,६३,१६५।– (दुई लाख त्रिसठ्ठी हजार एक सय पैसठ्ठी रुपैया) बराबरको भौचर प्राप्त भईसकेको हुँदा मिति २०८० भाद्र मसान्तबाट आय ठेक्का रद्ध गरी प्रदेश सरकारबाट विनियोजित बजेट अनुसारको योजना कार्यान्वयन गर्न उपयुक्त देखिएकाले श्री अब्दुल मोविन मुसलमान र पालिका बिच भएको ठेक्का रद्ध गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.४-** यस विजयनगर गाउँपलिकाको गाउँपालिका स्तरीय दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.५-** यस विजयनगर गाउँपलिकाको गाउँपालिका स्तरीय सामुदायीक विद्यालयमा प्र.अ. छनौट सम्बन्धि कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.६-** यस विजयनगर गाउँपालिकाको मिति २०८०।०३।२८ गतेको गाउँसभाको बैठकले गाउँपालिका क्षेत्र भित्र वालवालिकाको हक,अधिकार,संरक्षण तथा कल्याणलाई सुनिश्चित गर्न सहायक पाँचौ सरहको सेवा सुविधा प्रदान गर्ने गरी वालकल्याण अधिकारी नियुक्त गर्न कार्यपालिकालाई सैदान्तिक सहमति प्रदान गरे बमोजिम विजयनगर गाउँपालिका वडा नं.४,डगडौवा बस्ने (ना.प्र.नं.३८-२८०९) भएकी श्री कमला शुक्लालाई मिति २०८०।०५।०१ देखि लागु हुने गरी **वालकल्याण अधिकारी** (सहायक पाँचौ सरह) पदमा नियुक्ति गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश
२०८०।०८१

कार्यपालिका बैठक सख्या- १ मितिः- २०८०।४।२८

**निर्णय नं.७**- संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय,साना विकास परियोजनाका लागि देहाय बमोजिमका योजनहरु माग गरि पठाउने निर्णय गरियो ।

१. अर्रा प्रा.वि.मा २ कोठे भवन निर्माण,विजयनगर गा.पा.-१,बनखेत
२. जनता आ.वि. मा २ कोठे भवन निर्माण,विजयनगर गा.पा.-३,
३. कृषि हाट बजार व्यवस्थापन तथा निर्माण,विजयनगर गा.पा.६,प्रेमनगर
४. प्रसुति केन्द्र भवन निर्माण,विजयनगर गा.पा.-१,गुगौली
५. ढोढरी ताल व्यवस्थापन तथा नहर निर्माण,विजयनगर गा.पा.७,ढोढरी
६. श्री मंगल प्रसाद स्वतन्त्रता देवी आ.वि.मा बाउण्ड्री वाल निर्माण,विजयनगर गा.पा.-६,बद्धौर
७. पत्थरदेईया हेल्थ पोष्ट तथा बाउण्ड्री वाल निर्माण,विजयगनर गा.पा.-३,पत्थरदेईया
८. डालपुर खोलामा पक्की पुल निर्माण,विजयनगर गा.पा.-५,डालपुर

**निर्णय नं.४** :-निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | व्यक्ति/संस्था/समिति/योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उर्मिला यादव | विजयनगर-५, बघमरी | औषधि उपचार | रु. २०,०००।– (वीस हजार मात्र) | सामाजिक सुरक्षा तथा आर्थिक सहायता | |
| २ | धनमाया गुरुङ्ग | विजयनगर-५, बघमरी | दैनिक जिवनयापनका लागि खाद्यान्न सहयोग | रु. २०,०००।– (वीस हजार मात्र) | | |
| ३ | सशस्त्र प्रहरी बल,नेपाल, बोर्डर आउट पोष्ट | विजयनगर-५,डालपुर | सवारी साधन मर्मत | रु.५०,०००।– (पचास हजार मात्र) | पालिका भित्र सुरक्षा सहयोग | |
| ४ | सुनगाभा आमा समुह | विजयनगर-४, जोलाही | कृषि उत्पादन क्षेत्रहरुको अवलोकन भ्रमण | रु. ५०,०००।– (पचास हजार मात्र) | चाडपर्व,मेला महोत्सव तथा संस्कृति संरक्षण | |
| ५ | मदरसा अहले सुन्नत फैजे गौसिया प्रा.वि. | विजयनगर-५, पिपरी | जशने शहीदे आजम जलसा कार्यक्रम | रु. ५०,०००।– (पचास हजार मात्र) | चाडपर्व,मेला महोत्सव तथा संस्कृति संरक्षण | |
| ६ | जनस्वास्थ्य सेवा केन्द्र व्यवस्थापन कार्यसमिति | शिवराज-९, कपिलवस्तु | वृक्षरोपण | रु. ५०,०००।– (पचास हजार मात्र) | हरियाली प्रवर्धन कार्यक्रम | |

शोभराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु